प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
सुदूरपश्चिम प्रदेश
धनगढी, कैलाली, नेपाल

# प्रदेश लोककल्याणकारी विज्ञापन वितरण कार्यविधि, २०७९

प्रस्तावनाः सुदूरपश्चिम प्रदेशमा दर्ता भई सञ्चालनमा रहेका सञ्चारमाध्यमको लागि लोककल्याणकारी विज्ञापनको निर्माण, प्रकाशन, प्रसारण गर्ने कार्यलाई एकद्वार प्रणालीमार्फत निष्पक्ष, पारदर्शी र व्यवस्थित गर्न वाञ्छनीय भएकोले,

विनियोजन ऐन, २०७८ को दफा ९ को उपदफा (२) को अधिकार प्रयोग गरी मन्त्रालयले यो कार्यविधि बनाएको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम "प्रदेश लोककल्याणकारी विज्ञापन वितरण कार्यविधि, २०७८" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "मन्त्रालय" भन्नाले आन्तरिक मामिला तथा कानून मन्त्रालय सम्झनु पर्दछ।

(ख) "लोककल्याणकारी विज्ञापन" भन्नाले सञ्चार माध्यमलाई मन्त्रालयमार्फत सम्प्रेषण गर्न उपलब्ध गराइने सार्वजनिक हितसम्बन्धी सूचना वा सन्देशलाई सम्झनु पर्दछ।

(ग) "प्रदेश" भन्नाले सुदूरपश्चिम प्रदेशलाई सम्झनु पर्दछ।

(घ) "समिति" भन्नाले दफा ५ बमोजिमको समिति सम्झनु पर्दछ।

(ङ) "सञ्चार माध्यम" भन्नाले नियमानुसार दर्ता भई नियमित रुपमा प्रकाशन र प्रसारणमा रहेका पत्रपत्रिका, टेलिभिजन, रेडियो, एफ.एम. रेडियोलाई सम्झनु पर्दछ।

(च) "सरकारी निकाय" भन्नाले प्रदेशसभा सचिवालय, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, मन्त्रालय, प्रदेशस्तरका संवैधानिक निकाय र प्रदेश सरकार अन्तर्गतका अन्य सरकारी निकायलाई समेत सम्झनु पर्दछ।

## परिच्छेद-२

## विज्ञापन सम्बन्धी प्रशासनिक व्यवस्था

३. लोककल्याणकारी विज्ञापन निर्माण तथा प्रशासनिक खर्चः (१) मन्त्रालयले सञ्चारमाध्यमलाई उपलब्ध गराउने सार्वजनिक हितसम्बन्धी विज्ञापन निर्माण गर्नेछ।

प्रदेश सचिव

मा.डा.राम बहादुर रावल
मन्त्री
आन्तरिक मामिला तथा कानून मन्त्रालय
सुदूरपश्चिम प्रदेश
धनगढी, कैलाली

(२) उपदफा (१) बमोजिम विज्ञापन निर्माण गर्दा समितिको सिफारिसका आधारमा गर्नु पर्नेछ।

(३) विज्ञापन निर्माण तथा प्रशासनिक खर्च चालु आर्थिक वर्षमा सञ्चार माध्यमतर्फ विनियोजित रकमको पाँच प्रतिशतभन्दा बढी खर्च नहुने गरी निर्माण तथा प्रशासनिक खर्च गर्न सकिनेछ।

४. <u>लोककल्याणकारी विज्ञापन संकलन:</u> (१) प्रदेश सरकारका निकायले लोककल्याणकारी विज्ञापन सामग्री प्रकाशन तथा प्रशारण गर्नु परेमा मन्त्रालयमा पठाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त लोककल्याणकारी विज्ञापन समितिले अध्ययन गरी प्रकाशन तथा प्रशारणको लागि मन्त्रालयमा सिफारिस गर्नेछ।

५. <u>लोककल्याणकारी विज्ञापन सिफारिस समिति:</u> (१) लोककल्याणकारी विज्ञापन प्रसारणको लागि मन्त्रलायलमा सिफारिस गर्न देहाय बमोजिम लोककल्याणकारी विज्ञापन सिफारिस समिति रहनेछ:

(क) प्रमुख, सञ्चार समन्वय महाशाखा - संयोजक

(ख) अध्यक्ष, नेपाल पत्रकार महासंघ, सुदूरपश्चिम प्रदेश - सदस्य

(ग) सामुदायिक रेडियो प्रसारक संघ, ब्रोडकास्टिङ एशोसिएसन अफ नेपाल र नेपाल मिडिया सोसाइटी सुदूरपश्चिम प्रदेशबाट अध्यक्ष वा संस्थाले तोकेको एक-एक जना प्रतिनिधि गरी तीन जना - सदस्य

(घ) कानून अधिकृत, मन्त्रालय - सदस्य

(ङ) अधिकृत, संचार समन्वय शाखा, मन्त्रालय - सदस्य-सचिव

(२) समितिले वैठक सञ्चालन सम्बन्धी कार्यविधि आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

६. <u>समितिको काम, कर्तव्य र अधिकार:</u> समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:

(क) माग भई आएको विज्ञापनको औचित्यता, कानूनी पक्ष, सामजिक प्रभावका सम्बन्धमा छानविन गर्ने,

(ख) विज्ञापन सरकारी निकायबाट प्राप्त हुने लोककल्याणकारी विज्ञापन प्रकाशन तथा प्रशारणको लागि निर्माण गर्ने,

(ख) लोककल्याणकारी विज्ञापन प्रकाशन तथा प्रशारणका लागि मन्त्रालयमा सिफारिस गर्ने,

(ग) लोककल्याणकारी विज्ञापनको प्राथमिकताक्रम, समयतालिका तथा प्रकाशन तथा प्रशारणको भूगोल वा क्षेत्र निर्धारण गर्न मन्त्रालय समक्ष सिफारिस गर्ने,

मा.डा.रण बहादुर रावल
मन्त्री
आन्तरिक मामिला तथा कानून मन्त्रालय
सुदूरपश्चिम प्रदेश
धनगढी, कैलाली

(घ) आवश्यकता अनुसार लोककल्याणकारी विज्ञापन निर्माण एवम् प्रकाशन तथा प्रशारणलाई व्यवस्थित गर्न मन्त्रालय समक्ष सिफारिस गर्ने।

## परिच्छेद-३
## विज्ञापन स्वीकृत, प्रकाशन तथा प्रशारण

७. लोककल्याणकारी विज्ञापन स्वीकृतिः (१) मन्त्रालयले लोककल्याणकारी विज्ञापन प्रकाशन तथा प्रशारणको स्वीकृति प्रदान गर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि तत्काल कुनै लोककल्याणकारी विज्ञापन प्रकाशन तथा प्रशारण गर्नुपर्ने भएमा मन्त्रालयको सचिवले त्यस्तो विज्ञापन निर्माण तथा स्वीकृत गरी प्रकाशन तथा प्रशारणको लागि सञ्चार माध्यममा पठाउन सक्नेछ।

८. लोककल्याणकारी विज्ञापन प्रसारणः (१) सञ्चार माध्यमले लोककल्याणकारी विज्ञापन प्रकाशन तथा प्रशारण गर्न प्रत्येक आर्थिक वर्षको श्रावण महिनाभित्र सूचीमा समावेश हुन अनुसूची-१ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ।

तर आर्थिक वर्ष २०७८/७९ को हकमा जुनसुकै समय मन्त्रालयमा निवेदन दिई सूचीमा समावेश हुन सक्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन पेश गर्दा देहायको कागजात संलग्न गर्नु पर्नेछः-

(क) प्रचलित कानूनबमोजिम संस्था तथा सञ्चार माध्यम दर्ता प्रमाणपत्रको प्रतिलिपि,

(ख) प्रचलित कानूनबमोजिम लिएको इजाजतपत्र र अनुमतिपत्र नविकरण गरेको प्रमाण,

(ग) संस्थाको स्थायी लेखा नम्बर प्रमाणपत्रको प्रतिलिपि,

(घ) सञ्चालकको नाम, ठेगाना, सम्पर्क नं. सहितको विवरण,

(ङ) संस्थाको प्रवन्धपत्र/विधान/नियमावलीको प्रतिलिपि

(च) अघिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि एवं लेखापरीक्षण प्रतिवेदन,

(छ) नियमित प्रकाशन तथा प्रशारणमा रहेको देखिने प्रमाण,

(ज) नियमित प्रकाशन तथा प्रशारण भएको एक वर्ष पुगेको देखिने कागजात।

(३) उपदफा (१) बमोजिम प्राप्त निवेदनको आधारमा मन्त्रालयले लोककल्याणकारी विज्ञापन प्रकाशन तथा प्रशारण गर्ने सञ्चार माध्यमको सूची भाद्र मसान्तसम्म प्रकाशन गर्नु पर्नेछ।

मा.डा. रण बहादुर रावल
मन्त्री
आन्तरिक मामिला तथा कानून मन्त्रालय
सुदूरपश्चिम प्रदेश
धनगढी, कैलाली

प्रदेश सचिव

(४) नियमित प्रकाशन तथा प्रशारण गर्नु पर्ने विज्ञापनका लागि उपदफा (३) बमोजिमको सञ्चार माध्यमको सूची, प्रकाशन तथा प्रशारण सामग्रीको प्रकार, प्राथमिकताक्रम र विज्ञापन प्रकाशन तथा प्रशारण समय तालिका मन्त्रालयको बेवसाइटमा राखिने छ र सोही बमोजिम सञ्चारमाध्यमले प्रकाशन तथा प्रशारण गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिमको प्राथमिकताक्रम र विज्ञापन प्रकाशन तथा प्रशारण समय तालिका उपलब्ध गराउने कार्य मन्त्रालयले सूचना प्रविधि प्रणाली मार्फत गर्न सक्नेछ।

(५) मन्त्रालयले सम्झौता गरी लोककल्याणकारी विज्ञापन इमेल तथा सूचना प्रविधि प्रणालीलगायतको माध्यमबाट लोककल्याणकारी विज्ञापन उपलब्ध गराउन सक्नेछ।

९. सञ्चारमाध्यमले पालना गर्नुपर्ने शर्तहरु: सञ्चारमाध्यमले यस कार्यविधिबमोजिम लोककल्याणकारी विज्ञापन प्रकाशन तथा प्रशारण तथा प्रकाशन गर्नको लागि देहायका शर्तहरु पूरा गरेको हुनु पर्नेछः-

(क) श्रमजीवि पत्रकार सम्बन्धी ऐन, २०४८ र श्रमजीवि पत्रकारसम्बन्धी नियमावली, २०४९ पालना गरेको,

(ख) विज्ञापन आचारसंहिता र पत्रकार आचारसंहिता पालना गरेको,

(ग) विद्युतीय सञ्चार माध्यमले वर्षको कम्तिमा ३३० दिन नियमित प्रशारण गरेको, छापा माध्यमको दैनिक पत्रिकाले कम्तिमा ३३० दिन प्रकाशन गरेको, मासिकले ११ महिना, साप्ताहिकले ५० हप्ता, चौमिसकले ३ वटा, पाक्षिकले २५ वटा अंक प्रकाशन गरेको,

(घ) मन्त्रालयले तोके बमोजिमको लोककल्याणकारी विज्ञापनको प्रकाशन तथा प्रशारण तालिका अनुसार प्रकाशन तथा प्रशारण गरेको प्रकाशन तथा प्रशारण तालिका र प्रकाशन तथा प्रशारण प्रमाण पत्र पेश गरेको,

(ङ) नियमित प्रकाशन तथा प्रशारणमा आएको एक वर्ष पूरा भएको प्रमाण पेश गर्नुपर्ने।

१०. लोककल्याणकारी विज्ञापनको दररेट: (१) लोककल्याणकारी विज्ञापन प्रकाशन तथा प्रशारण गर्ने समयतालिका र लोककल्याणकारी विज्ञापन प्रकाशन तथा प्रशारण गरे वापतको दररेट अनुसूची-२ बमोजिम हुनेछ।

(२) लोककल्याणकारी विज्ञापनको लागि एउटा सञ्चार माध्यमको लागि अधिकतम वार्षिक बीस हजार रुपैंयासम्म उपलब्ध गरिनेछ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिए तापनि एउटै कम्पनी वा संस्थाको दुई भन्दा बढी सञ्चार माध्यम भएमा दुई वटा सञ्चार माध्यमलाई अधिकतम चालीस हजारमा नबढ्ने गरी विज्ञापन उपलब्ध गराइनेछ।

मा.डा.दीप बहादुर रावल
मन्त्री
आन्तरिक मामिला तथा कानून मन्त्रालय
सुदूरपश्चिम प्रदेश
धनगढी, कैलाली

५

११. <u>बजेट बाँडफाँट:</u> सञ्चार माध्यमबाट लोककल्याणकारी विज्ञापन प्रकाशन तथा प्रशारणका लागि मन्त्रालयले प्राप्त गरेको रकम मध्ये उत्पादन तथा प्रशासनिक खर्च कट्टा गरी हुन आउने रकमको रेडियो, टेलिभिजन र अनलाइन सञ्चार माध्यमका लागि ४५ प्रतिशत र छापा माध्यमका लागि ५५ प्रतिशन बाँडफाँट गरिनेछ।

परिच्छेद-४

<u>भुक्तानी सम्बन्धी व्यवस्था</u>

१२. <u>सम्झौता हुनु पर्ने:</u> सञ्चार माध्यमले लोककल्याणकारी विज्ञापन प्रशारण गर्न चाहेमा आन्तरिक मामिला तथा कानून मन्त्रालयसँग अनिवार्य रुपमा सम्झौता गर्नु पर्नेछ।

१३. <u>सञ्चार माध्यमले विजक पेश गर्ने:</u> (१) सञ्चार माध्यमले लोककल्याणकारी विज्ञापन प्रकाशन तथा प्रशारण गरे बापतको विजक आगामि महिनाको सात गतेभित्र मन्त्रालयमा अनिवार्य रुपमा पेश गर्नु पर्नेछ।

(२) सञ्चार माध्यमले उपदफा (१) बमोजिमको अवधिपछि विजक पेश गरेमा मन्त्रालयबाट लोककल्याणकारी विज्ञापन वापतको रकम भुक्तानी गरिने छैन।

१४. <u>भुक्तानी रोक्का हुने:</u> लोककल्याणकारी विज्ञापन प्रकाशन तथा प्रशारण गरे वापत सञ्चार माध्यमले पाउने भुक्तानी मन्त्रालयले देहायको अवस्थामा रोक्का गर्न सक्नेछः

(क) सञ्चारमाध्यमले श्रमजीवी पत्रकार सम्बन्धी ऐन, २०५१ तथा श्रमजीवी पत्रकार सम्बन्धी नियमावली, २०५३ बमोजिम श्रमजीवी पत्रकार, कर्मचारी र कामदारलाई पारिश्रमिकलगायत सेवा सुविधा उपलब्ध नगराएको भनी सम्बन्धित निकायबाट लेखी आएमा,

(ख) सञ्चार माध्यमले दफा ९ बमोजिमका शर्तहरु पालन नगरेमा,

(ग) सञ्चार माध्यमले लोककल्याणकारी विज्ञापन तोकिएको प्राथमिकताका आधारमा प्रकाशन तथा प्रशारण नगरेमा वा समय तालिकामा उल्लेख भए बमोजिम प्रकाशन तथा प्रशारण नगरेमा,

(घ) सञ्चार माध्यमले मन्त्रालयको निर्देशन बमोजिम लोककल्याणकारी विज्ञापन प्रकाशन तथा प्रशारण नगरेमा,

(ङ) सञ्चार माध्यमले पत्रकार आचारसंहिता पालना नगरेको भनी प्रेस काउन्सिल नेपालबाट लेखी आएमा,

(च) सञ्चार माध्यमले विज्ञापन सम्बन्धी आचारसंहिता पालना गरेको नपाइएमा।

प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
सुदूरपश्चिम प्रदेश
धनगढी,कैलाली,नेपाल

१५. <u>करकट्टी तथा कोष दाखिला गरी रकम भुक्तानी पठाइने:</u> मन्त्रालयले लोककल्याणकारी विज्ञापन प्रकाशन तथा प्रशारण गरेबापत सञ्चार माध्यमलाई रकम भुक्तानी गर्दा नियमानुसारको कर कट्टी गर्नेछ।

१६. <u>भुक्तानी सम्बन्धी व्यवस्था:</u> (१) लोककल्याणकारी विज्ञापन प्रकाशन तथा प्रशारण बापत रकम भुक्तानीका लागि अनुसूची-३ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ।

(२) सञ्चार माध्यमले दफा ८ को उपदफा (३) बमोजिम लोककल्याणकारी विज्ञापन प्रकाशन तथा प्रशारण गरेबापतको रकम भुक्तानी मन्त्रालयले गर्नेछ।

(३) उपदफा (१) बमोजिमको निवेदन प्राप्त भएपछि लोककल्याणकारी विज्ञापन प्रकाशन तथा प्रशारण बापतको रकम सञ्चार माध्यम सञ्चालन गर्ने संस्था वा सञ्चार माध्यमको नाममा रहेको बैंक खातामार्फत भुक्तानी गरिनेछ।

(४) उपदफा (१) बमोजिम पेश गर्नुपर्ने विज्ञापन प्रकाशन तथा प्रशारण भएको प्रमाण मन्त्रालयले इमेल वा विद्युतीय सूचना प्रणालीलगायतका अन्य माध्यमबाट समेत माग गर्न सक्नेछ।

## परिच्छेद-५

## <u>विविध</u>

१७. <u>अनुगमन:</u> सञ्चार माध्यमले लोककल्याणकारी विज्ञापन प्रकाशन तथा प्रशारण गरे नगरेको विषयमा मन्त्रालयले अनुगमन गरी आवश्यक निर्देशन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम मन्त्रालयले दिएको निर्देशनको पालना गर्नु सम्बन्धित सञ्चार माध्यमको कर्तव्य हुनेछ।

१८. <u>यसै कार्यविधि बमोजिम भएको मानिने:</u> यस कार्यविधि बन्नु भन्दा अघि लोककल्याणकारी विज्ञापन वापत भए गरेका कामकारवाही यसै कार्यविधि बमोजिम भएको मानिनेछ।

१९. <u>बाधा अड्काउ फुकाउ:</u> यो कार्यविधि कार्यान्वयनमा कुनै बाधा अड्काउ फुकाउनु परेमा मन्त्रीस्तरीय निर्णयमार्फत बाधा अड्काउ फुकाउन सकिनेछ।

प्रदेश सचिव

मा.डा.रण बहादुर ...
मन्त्री
आन्तरिक मामिला तथा कानून मन्त्रालय
सुदूरपश्चिम प्रदेश
धनगढी,कैलाली

अनुसूची-१

(दफा ८ को उपदफा (१) सँग सम्बन्धित)

(सञ्चारमाध्यमले लोककल्याणकारी विज्ञापन प्रकाशन तथा प्रसारणका लागि दिने निवेदनको ढाँचा)

श्री आन्तरिक मामिला तथा कानून मन्त्रालय,
सुचना तथा सञ्चार समन्वय शाखा,
धनगढी, कैलाली

प्रचलित कानूनको अधिनमा रही मन्त्रालयमार्फत सञ्चार माध्यमबाट लोककल्याणकारी विज्ञापन प्रकाशन तथा प्रसारण गर्न देहायको बिवरण सहित स्वीकृतिको लागि यो निवेदन पेश गरेको छु।

(१) संस्थाको नामः

(२) सञ्चारमाध्यमको नाम (कलसाईन):

(३) ठेगानाः

(४) सञ्चालन भएको स्थानः

(५) सम्पर्क नम्बरः

(६) प्रसारण संस्थाको प्रकारः (क) पत्रपत्रिका (ख) रेडियो/एफ.एम. रेडियो (ग) टेलिभिजन

(७) पत्रपत्रिकाको हकमा प्रकारः (क) दैनिक (ख) साप्ताहिक (ग) पाक्षिक (घ) मासिक

(८) रेडियोको हकमा क्षमता (वाट):

(९) टेलिभिजनको हकमा प्रकारः (क) भू-सतही (ख) भू-उपग्रह (ग) केबल

संलग्न कागजातहरुः-

(क) संस्था तथा सञ्चार माध्यम दर्ता प्रमाणपत्रको प्रतिलिपि,

(ख) इजाजतपत्र र अनुमतीपत्र नविकरण गरेको प्रमाण,

(ग) संस्थाको स्थायी लेखा नम्बर प्रमाणपत्रको प्रतिलिपि,

(घ) सञ्चालकको नाम, ठगाना, सम्पर्क नं. सहितको विवरण,

(ङ) संस्थाको प्रवन्धपत्र/विधान/नियमावलीको प्रतिलिपि

(च) अघिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि एवं लेखापरीक्षण प्रतिवेदन,

(छ) टेलिभिजनको हकमा इजाजत अनुसार भू-सतही, भू-उपग्रह तथा केवलबाट प्रशारण भएको प्रमाण-पत्र

(ज) नियमित प्रकाशन तथा प्रशारणमा रहेको देखिने प्रमाण,

(झ) नियमित प्रकाशन तथा प्रशारण भएको एक वर्ष पुगेको देखिने कागजात।

हस्ताक्षरः
नामः
पदः
ठेगानाः
फोन नं.
इमेलः
संस्थाको छापः

प्रदेश सचिव

मा.डा.रण बहादुर रावल
मन्त्री
आन्तरिक मामिला तथा कानून मन्त्रालय
सुदूरपश्चिम प्रदेश
धनगढी, कैलाली

५।

प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
सुदूरपश्चिम प्रदेश
धनगढी,कैलाली,नेपाल

अनुसूची-२

(दफा १० सँग सम्बन्धित)

लोककल्याणकारी विज्ञापन प्रसारण गर्ने सञ्चार माध्यमको समय, समयतालिका र लोककल्याणकारी विज्ञापन प्रकाशन तथा प्रसारण गरे वापतको भुक्तानीको दररेट

मूल्य अभिवृद्धि कर सहितको दर रेट

(क) पत्रपत्रिका तर्फ

| स्थान | प्रकार (साइज) | रंग | रकम (प्रति ३ अंक) |
|---|---|---|---|
| कभर पृष्ठ | पूरा | रंगिन | रु. १५,०००।- |
| कभर पृष्ठ | आधा | रंगिन | रु. १०,०००।- |
| कभर पृष्ठ | एक चौथाई | रंगिन | रु. ७,५००।- |
| भित्रि पृष्ठ | पूरा | रंगिन | रु. १२,०००।- |
| भित्रि पृष्ठ | आधा | रंगिन | रु. ९,०००।- |
| भित्रि पृष्ठ | एक चौथाई | रंगिन | रु. ६,०००।- |
| भित्री पृष्ठ | पूरा | श्यामस्वेत | रु. १०,०००।- |
| भित्री पृष्ठ | आधा | श्यामस्वेत | रु. ७,५००।- |
| भित्र पृष्ठ | एक चौथाई | श्यामस्वेत | रु. ५,०००।- |

(ख) रेडियो, एफ.एम. रेडियो तर्फ

| समयको वर्गीकरण | १००० वाट भन्दामाथि (प्रति मिनेट) | १००० वाटसम्म (प्रति मिनेट) | २५० वाटसम्म (प्रति मिनेट) |
|---|---|---|---|
| सुपर प्राइम | रु.४१२।५० | रु. ३७२।९० | रु. ३३९ |
| प्राइम | रु. २७६।९० | रु. २४८।६० | रु. २२६ |
| सामान्य | रु. २०९।१० | रु. १८६।५० | रु. १६९।५० |

(ग) टेलिभिजन तर्फ

| समयको वर्गीकरण | भू-उपग्रह (प्रति मिनेट) | भू-सतही (प्रति मिनेट) | केवल (प्रति मिनेट) |
|---|---|---|---|
| सुपर प्राइम | रु. ४५२०।- | रु. २४८५।- | रु.१८१०।- |
| प्राइम | रु. ३१६५।- | रु. १७४०।- | रु. १२६५।- |
| सामान्य | रु. २३७५।- | रु. १३०५।- | रु. ९५०।- |

मा.डा.रण बहादुर रावल
मन्त्री
आन्तरिक मामिला तथा कानून मन्त्रालय
सुदूरपश्चिम प्रदेश
धनगढी,कैलाली

(घ) <u>अनलाइन पत्रपत्रिका तर्फ</u>

अनलाइन पत्रपत्रिकाले प्रति दिन एक हजारका दरले वार्षिक अधिकतम पन्ध्र दिनसम्म लोककल्याणकारी विज्ञापन प्रकाशन गर्न सक्नेछ।

मा.डा.रण बहादुर रावल
मन्त्री
आन्तरिक मामिला तथा कानून मन्त्रालय
सुदूरपश्चिम प्रदेश
धनगढी, कैलाली

अनुसूची-३

(दफा १६ को उपदफा (१) सँग सम्बन्धित)

श्री आन्तरिक मामिला तथा कानून मन्त्रालय,

सुदूरपश्चिम प्रदेश, धनगढी।

विषयः भुक्तानी सम्वन्धमा।

प्रस्तुत विषयका सम्बन्धमा लोककल्याणकारी विज्ञापन वितरण कार्यविधिको दफा १६ को उपदफा (१) बमोजिम यस संस्था/सञ्चार माध्यमले ............ महिनामा रु.................. बराबरको विज्ञापन प्रकाशित गरेको हुँदा सो रकम भुक्तानी गरिदिनु हुन अनुरोध गर्दछु। साथै उक्त विज्ञापनको प्रतिलिपि र विजक यसै साथ पेश गरेको छु।

निवेदक

संलग्न कागजात:

(१) प्रकासित तथा प्रसारित विज्ञापनको छायाँप्रति/अडियो/भिडियो

(२) विज्ञापनको विजक ।

मा.डा.रण बहादुर रावल
मन्त्री
आन्तरिक मामिला तथा कानून मन्त्रालय
सुदूरपश्चिम प्रदेश
धनगढी, कैलाली